रसूल अल्लाह (सल्लल्लाहु अलैहि व सल्लम) ले भने : "रोग संक्रामक हुँदैन, न त अपशगुनमा विश्वास गर्नुपर्छ, तर मलाई शुभसंकेत मन पर्छ।" साहबाहरूले सोधे : "शुभसंकेत भनेको के हो?" उहाँले भन्नुभयो : "मिठो शब्द।

अनस बिन मालिक (रजियल्लाहु अन्हु) ले बयान गरेका छन्, रसूल (सल्लल्लाहु अलैहि वसल्लम)
ले भन्नुभएको छ : रसूल अल्लाह (सल्लल्लाहु अलैहि व सल्लम) ले भने : "रोग संक्रामक
हुँदैन, न त अपशगुनमा विश्वास गर्नुपर्छ, तर मलाई शुभसंकेत मन पर्छ।" साहबाहरूले
सोधे : "शुभसंकेत भनेको के हो?" उहाँले भन्नुभयो : "मिठो शब्द।"
[सही] [मुत्तफकुन अलैहि]

नबी (सल्लल्लाहु अलैहि वसल्लम) ले स्पष्ट पार्नुभएको छ, अल्लाहको इजाजत र निर्णय बिना रोग एक व्यक्तिबाट अर्को व्यक्तिमा संक्रमण हुने विश्वास गलत हो र यो इस्लाम पूर्वका मानिसहरूको विश्वास हो । त्यसैगरी अशुभ संकेत लिनु पनि अमान्य छ । चराचुरुङ्गी, जनावर, अपाङ्गता भएका व्यक्ति, सङ्ख्या वा दिनहरू जस्ता सुनिने वा देखिने कुराबाट अशुभ चिन्ह लिनुलाई अशुभ चिन्ह भनिन्छ । यस हदीसमा "अत-तियरा" (चरा) शब्द अशुभको लागि प्रयोग गरिएको छ, किनभने शगुनको यो विधि जाहिलियतको युगमा धेरै लोकप्रिय थियो । जब अरबहरू यात्रा वा व्यापार आदि सुरु गर्न चाहन्थे, तिनीहरू चरा उडाउने गर्थे । चरा दायाँ तर्फ उड्यो भने शुभ मानेर त्यो काम गर्थे र बायाँ तर्फ उड्यो भने अशुभ मानेर त्यसबाट पछि हट्ने गर्थे । त्यसपछि नबी (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्नुभयो: मलाई शगुन मन पर्छ । शगुन भनेको मिठो बोली हो, जुन सुनेपछि व्यक्तिलाई आनन्द र खुशी प्राप्त हुन्छ र यसले उसलाई आफ्नो प्रभुको बारेमा राम्रो सोच्न बाध्य तुल्याउँछ ।

https://sunnah.global/hadeeth/ne/show/3422